ISSN: 2631-2395
Devkota Journal of Interdisciplinary Studies
Vol. 8 | Issue No. 1, 2026



# चुली उपन्यासमा अस्तित्ववाद

**पवित्रादेवी पौडेल**
शिक्षक, महाकवि देवकोटा क्याम्पस

**पदम पाण्डे**
उप- प्राध्यापक, महाकवि देवकोटा क्याम्पस

**लेखसार (Abstract)**

*अस्तित्ववाद मानव अस्तित्व, स्वतन्त्रता, जिम्मेवारी, एक्लोपना र जीवनको अर्थ खोजीमा केन्द्रित आधुनिक दार्शनिक चिन्तन हो। सरुभक्तद्वारा रचित चुली उपन्यास नेपाली साहित्यमा अस्तित्ववादी चेतनाको सशक्त अभिव्यक्ति हो। यस अध्ययनको उद्देश्यचुली उपन्यासमा अभिव्यक्त एक्लोपन, स्वतन्त्रता, पीडा, विद्रोह र अर्थ खोजीको पहिचान र विश्लेषण गर्नु साथै जाँ-पाल सार्त्र र आल्बेयर कामुको अस्तित्ववादी दर्शनको सैद्धान्तिक आधारमा चुली उपन्यासका पात्र, कथावस्तु र मानसिक द्वन्द्वको अध्ययन गर्नु हो। उपन्यासमा चित्रित एक्लोपन, पीडा, स्वतन्त्र निर्णय, जीवनप्रतिको विद्रोह र अर्थको खोजीका पक्षहरूलाई गुणात्मक पाठविश्लेष विधिबाट विश्लेषण गरिएको छ। प्रस्तुत अध्ययनबाट चुलीले जीवनलाई पूर्वनिर्धारित अर्थविहीन मानेर पनि मानवीय चेतना र कर्ममार्फत अर्थ निर्माण गर्न सकिने दर्शन प्रस्तुत गरेको निष्कर्ष निकालिएको छ।*

***मुख्य शब्दावलीहरू :*** *अस्तित्ववाद, एक्लोपन, चुली, जीवनको अर्थ, सरुभक्त, स्वतन्त्रता,*

## परिचय

अस्तित्ववाद बीसौं शताब्दीको प्रमुख दार्शनिक तथा साहित्यिक चिन्तन हो, जसले मानव जीवनको यथार्थ, पीडा, चिन्ता र स्वतन्त्रतालाई केन्द्रमा राख्छ। यस दर्शनअनुसार मानिस जन्मँदा कुनै निश्चित स्वभाव वा अर्थसहित जन्मँदैन,उसले आफ्ना कर्म र निर्णयद्वारा आफ्नो अस्तित्वको अर्थ निर्माण गर्छ (सार्त्र २००७)। नेपाली साहित्यमा आधुनिक कालसँगै अस्तित्ववादी चेतनाको विकास भएको देखिन्छ। यस सन्दर्भमा सरुभक्त एक सशक्त स्रष्टाका रूपमा स्थापित छन्। उनको उपन्यास चुली ले मानवीय जीवनको जटिलता, आन्तरिक द्वन्द्व र अस्तित्वगत सङ्कटलाई गहिरो रूपमा प्रस्तुत गरेको छ (एटम २०६६)। उपन्यासको कथावस्तु, पात्र विकास, प्रतीकात्मक भाषा र मानसिक द्वन्द्वको माध्ययमबाट मानव अस्तित्वको मूलभूत प्रश्नहरू स्वतन्त्रता, जिम्मेवारी, एक्लोपन, पीडा र जीवनको अर्थलाई उजागर गरेको छ। यस लेखको उद्देश्य चुली उपन्यासलाई अस्तित्ववादको सैद्धान्तिक आधारमा विश्लेषण गर्नु हो।चुली उपन्यासमा अभिव्यक्त अस्तित्ववादी चेतनाको विश्लेषण यस अध्ययनको मुख्य उद्देश्य हो। यस अध्ययनले उपन्यासका प्रमुख पात्रहरूको स्वभाव, कथावस्तु तथा मानसिक द्वन्द्व (जस्तैः स्वतन्त्रता, पीडा, एक्लोपन, जिम्मेवारी र अर्थ खोजी) को पहिचान र विश्लेषण गरेको छ, साथै, सार्त्र र अल्बेयर कामुजस्ता अस्तित्ववादी चिन्तकहरूको सैद्धान्तिक आधारमा उपन्यासका घटनाहरू र पात्रहरूको व्यवहारको अध्ययन गर्दै तिनको वैचारिक पक्ष उजागर गरिएको छ। यसका साथै आधुनिक नेपाली उपन्यास परम्परामा चुली उपन्यासले पुऱ्याएको अस्तित्ववादी योगदान र यसको साहित्यिक महत्त्वको मूल्याङ्कन गर्नु पनि यस अध्ययनको अर्को उद्देश्य हो।

यो अध्ययन केही निश्चित सीमाभित्र रहेर सम्पन्न गरिएको छ । सरुभक्तका अन्य उपन्यासहरू वा नेपाली साहित्यका अन्य अस्तित्ववादी कृतिहरूसँग तुलनात्मक अध्ययन गरिएको छैन ।यस लेखमा मुख्य रूपमा जाँ-पाल सार्त्र र आल्बेयर कामुको अस्तित्ववादी दर्शनलाई सैद्धान्तिक आधार बनाइएको छ । किर्केगार्द, नित्से वा हाइडेगरजस्ता अन्य अस्तित्ववादी दार्शनिकहरूको दृष्टिकोण समावेश गर्न नसकिएकोले अस्तित्ववादको बहुआयामिक व्याख्या पूर्ण रूपमा समेटिन सकेको छैन। प्रस्तुत अध्ययन गुणात्मक पाठ-विश्लेषण( क्वालिटेटिभटेक्स्युअल एनालाइसिस) विधिमा आधारित छ। क्षेत्रीय अध्ययन, पाठक प्रतिक्रिया, वा समाजशास्त्रीय सर्वेक्षण जस्ता अनुभवजन्य (एम्पिरिकल) विधिहरू प्रयोग नगरिएकाले अध्ययन विश्लेषणात्मक स्तरमै सीमित रहेको छ। उपन्यासका पात्र, प्रतीक र दार्शनिक सन्दर्भहरूको व्याख्या अनुसन्धानकर्ताको दृष्टिकोणमा आधारित छ । अन्य अध्ययनकर्ताले फरक सैद्धान्तिक दृष्टिकोणबाट हेर्दा भिन्न निष्कर्ष निकाल्न सक्ने सम्भावना रहन्छ।

**अध्ययनको उद्देश्य**

यस अध्ययनका मुख्य उद्देश्यहरूलाई बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ ः

- सरुभक्तको चुली उपन्यासमा अभिव्यक्त अस्तित्ववादी चेतनाका प्रमुख तत्त्वहरू (एक्लोपन, स्वतन्त्रता, पीडा, विद्रोह र अर्थ खोजी) को पहिचान र विश्लेषण गर्नु ।
- जाँ-पाल सार्त्र र आल्बेयर कामुको अस्तित्ववादी दर्शनको सैद्धान्तिक आधारमा चुली उपन्यासका पात्र, कथावस्तु र मानसिक द्वन्द्वको अध्ययन गर्नु ।
- आधुनिक नेपाली उपन्यास परम्परामा चुली उपन्यासको अस्तित्ववादी योगदान र साहित्यिक महत्त्व मूल्याङ्कन गर्नु ।

**पूर्वकार्यको समीक्षा**

अस्तित्ववाद र सरुभक्तको चुली उपन्याससम्बन्धी अध्ययनलाई स्पष्ट बनाउन यस खण्डमा सम्बन्धित प्रमुख साहित्यहरूलाई दुई शीर्षकमा समीक्षा गरी प्रस्तुत गरिएको छ।

**अस्तित्ववादी दर्शनसम्बद्ध सैद्धान्तिक समीक्षा**

अस्तित्ववाद बीसौँ शताब्दीको महत्वपूर्ण दार्शनिक आन्दोलन हो । यस दर्शनअनुसार मानवको अस्तित्व पहिले हुन्छ र सार पछि निर्माण हुन्छ (सार्त्र, २००७) । मानव कुनै पूर्वनिर्धारित सार लिएर जन्मिँदैन; उसले आफ्ना निर्णय र कर्ममार्फत आफ्नो जीवनको अर्थ निर्माण गर्छ।

सार्त्रले मानवलाई पूर्ण रूपमा स्वतन्त्र मानेका छन् । तर यही स्वतन्त्रता मानवका लागि चिन्ता र बोझको कारण पनि बन्छ (सार्त्र, २००७) । निर्णयको जिम्मेवारीबाट भाग्न नसक्ने अवस्था नै अस्तित्वगत चिन्ता हो । अर्को तर्फ, आल्बेयर कामुले संसारलाई मूलतः अर्थहीन अर्थात् 'एबसियोर्ड' मानेका छन् । तर यही अर्थहीनताबिच विद्रोह र चेतनापूर्वक बाँच्नु नै मानव अस्तित्वको सार हो (कामु, १९५५) ।

जाँ-पाल सार्त्र (२००७) को "एक्सिस्टेन्सियलिज्म इज अ ह्युमानिज्म" कृतिमा"एक्जिस्टेन्स प्रिसिड्स एसन्स" भन्ने अवधारणामार्फत मानव स्वतन्त्रता, जिम्मेवारी र निर्णयको महत्त्वबारेव्याख्या गरिएको छ। यो अवधारणाले चुली उपन्यासका पात्रहरूको स्वतन्त्र निर्णय र त्यसबाट उत्पन्न मानसिक चिन्तालाई बुझ्न सैद्धान्तिक आधार प्रदान गर्दछ।

आल्बेयर कामु (१९५५) को "द मिथ अफ सिसिफस"मा जीवनको "अर्थहीनता र विद्रोह" को अवधारणा प्रस्तुत गरिएको छ ।चुली उपन्यासमा देखिने पीडा, संघर्ष र चेतनापूर्ण विद्रोह कामुको दर्शनसँग नजिक देखिन्छ।

सरुभक्त (२०५०) को चुली उपन्यासमा लेखकले मानव जीवनको आन्तरिक द्वन्द्व, एक्लोपन र अस्तित्वगत सङ्कटलाई प्रतीकात्मक भाषा र मनोवैज्ञानिक गहिराइका साथ प्रस्तुत गरेका छन् । यो कृति नेपाली साहित्यमा अस्तित्ववादी चेतनाको सशक्त उदाहरण मानिन्छ।

**चुली उपन्याससम्बद्ध पूर्वकार्यको समीक्षा**

सरुभक्तको चुली उपन्यासमाथि विभिन्न साहित्यिक जर्नलहरूमा समालोचनात्मक लेखहरू प्रकाशित भएका छन् ।

गोविन्दराज भट्टराई (२०६५) ले आधुनिक नेपाली उपन्यासको अध्ययन कृतिमाचुली उपन्यासलाई मनो वैज्ञानिक तथा दार्शनिक उपन्यासको श्रेणीमा राख्दै पात्रहरूको आन्तरिक द्वन्द्व, एक्लोपन र चेतनाको विश्लेषण गरेका छन् । उनले चुली मा देखिने अस्तित्वगत सङ्कटलाई आधुनिक नेपाली समाजमा व्यक्तिको आत्मपहिचानको समस्यासँग जोडेर व्याख्या गरेका छन् ।

केशवराज पिँडालीले आधुनिक नेपाली उपन्यासका प्रवृत्तिहरूको चर्चा गर्दै चुली उपन्यासमा देखिने जीवनप्रतिको अनिश्चितता, निर्णयको बोझ र मानसिक तनावलाई अस्तित्ववादी चेतनाको सूचक मानेका छन् । उनका अनुसार उपन्यासका पात्रहरू सामाजिक संरचनाभन्दा बढी आफ्नै चेतनासँग संघर्षरत देखिन्छन्, जसले अस्तित्ववादको मूल मर्मलाई उजागर गर्छ ।

तारानाथ शर्माले सरुभक्तका कृतिहरूमा देखिने विद्रोही चेतना र आत्मसंघर्षलाई आधुनिक दार्शनिक चेतनासँग जोडेका छन् ।चुली उपन्यासमा पात्रहरूको निरन्तर संघर्ष, असन्तोष र जीवनप्रतिको प्रश्नाकुलता अस्तित्ववादी विद्रोहको अभिव्यक्ति भएको उनको निष्कर्ष रहेको छ ।

त्रिभुवन विश्वविद्यालय अन्तर्गत स्नातकोत्तर तह(एम.ए.) उत्तीर्णका लागि गरिएको अध्ययनपत्रमा शोधार्थी शर्मिला अधिकारी (२०७२) ले "सरुभक्तका उपन्यासमा अस्तित्ववादी चेतनाशीर्षकमा चुली उपन्यासलाई प्रमुख कृतिका रूपमा समेटिएको छ । उक्त थेसिसमा पात्रहरूको स्वतन्त्र निर्णय, मानसिक पीडा, एक्लोपन र जीवनको अर्थ खोजी गरी विश्लेषण गरिएको छ ।

त्यसैगरी, शोधार्थी दीपक प्रसाद न्यौपाने (२०७४) द्वारा"नेपाली आधुनिक उपन्यासमा अस्तित्ववाद" शीर्षकको शोधकार्यमा चुली उपन्यासलाई प्रतिनिधि कृतिका रूपमा अध्ययन गरिएको छ । यस अध्ययनमा उपन्यासका पात्रले भोगेका अस्तित्वगत चिन्ताको खोजी गरिएको छ ।

शोधार्थी सीता पोखरेल (२०७६) को एम.ए. थेसिस "सरुभक्तका कृतिहरूमा मानव अस्तित्व" मा चुली उपन्यासमा देखिने विद्रोह, चेतना र आत्मस्वीकृतिलाई मुख्य अध्ययन क्षेत्र बनाइएको छ । उनले उपन्यासका पात्रहरूलाई अर्थहीन संसारमा पनि जीवनलाई अर्थपूर्ण बनाउन संघर्षरत चेतनशील पात्रका रूपमा व्याख्या गरेकी छन् ।

समग्रमा, चुली उपन्याससम्बन्धी पूर्वकार्यहरूको अध्ययनले यस कृतिलाई केवल सामाजिक यथार्थको प्रस्तुति नभई मानव चेतना, स्वतन्त्र निर्णय, एक्लोपन र जीवनको अर्थ खोजीको गहिरो दार्शनिक दस्तावेजका रूपमा स्थापित गरेका छन् ।

**अनुसन्धानको रिक्तता**

चुली उपन्यासका सम्बन्धमा अहिलेसम्म गरिएका पूर्व कार्यहरूको अध्ययन गर्दा यस उपन्यास सम्बन्धितथुप्रै अध्ययनहरू भएका छन् तरअधिकांश अध्ययनहरू आंशिक र वर्णनात्मक देखिन्छन् । सार्त्र र कामुको दर्शनलाई एकीकृत सैद्धान्तिक चौखटमा राखी गरिएको समग्र अध्ययन छैन (पिँडाली, २०६२) ।अधिकांश अध्ययनहरू छरिएका वा आंशिक भएकाले चुली उपन्यासलाई सार्त्र र कामुको अस्तित्ववादी दर्शनको सुसंगत सैद्धान्तिक आधारमा केन्द्रित गरी अध्ययन गर्नु आवश्यक देखिन्छ ।यही रिक्ततालाई पूर्ति गर्न यो अध्ययन गरिएको हो ।

**अध्ययन विधिर प्रक्रिया**

यस लेखमा वर्णनात्मक तथा विश्लेषणात्क विधि अपनाइएको छ। गुणात्मक अनुसन्धान विधिअन्तर्गतको पाठ विश्लेषण विधिको प्रयोग गरिएको छ। सरुभक्तको चुली उपन्यासलाई पाठका रूपमा लिई विश्लेषण गरिएको छ।

**अध्ययनको ढाँचा**

यो अध्ययन गुणात्मक ढाँचामा आधारित छ। यसमा गुणात्मक अनुसन्धान ढाँचाअन्तर्गत डकुमेन्ट/पाठ विश्लेषण विधिलाई अवलम्बन गरिएको छ।सरुभक्तको चुलीउपन्यासलाई पाठका रूपमा लिएर विश्लेषण गरिएको छ। यस क्रममा चुली उपन्यासको कथानक, पात्र, संवाद, पात्रको मानसिक द्वन्द्वजस्ता पक्षहरूको विश्लेषण गरिएको छ।

**सामग्री सङ्कलन विधि**

यस लेखमा पूस्तकालयलाई स्रोत मानेर सामग्री सङ्कलन गरिएको छ।प्राथमिक स्रोत सामग्रीका रूपमा सरुभक्तको चुली उपन्यास मुख्य अध्ययन सामग्री हो। पात्रहरूको संवाद र पात्रको आन्तरिक संवाद (इन्टर्नल मोनो लग) र कथावस्तु विश्लेषणको केन्द्रविन्दु हुन्।यस लेखमा द्वितीयक स्रोतका रूपमा जाँपाल सात्र र आल्बेयर कामुको अस्तित्ववादसम्बन्धी दार्शनिक ग्रन्थहरूको उपयोग गरिएको छ। त्यसैगरीगोविन्दराज भट्टराईको आधुनिक नेपाली उपन्यासमा दार्शनिक चेतनाशीर्षकको लेख, तारानाथ शर्माको सरुभक्तका कृतिमा विद्रोह र असन्तोष शीर्षकको लेख, केशवराज पिँडालीको आधुनिक नेपाली उपन्यासको दार्शनिक मोडशीर्षकको लेख, मोहनराज शर्माको नेपाली उपन्यासमा अस्तित्वगत चिन्ताशीर्षकको लेख, नेत्र एटमकोआधुनिक नेपाली उपन्यासमा आत्मपहिचानको खोजीशीर्षकको लेख, कृष्णप्रसाद पराजुलीको सरुभक्तका उपन्यासमा स्वतन्त्रता र जिम्मेवारीशीर्षकको लेख जस्ता सामग्रीको उपयोग गरिएको छ।

**सामग्री विश्लेषण प्रक्रिया**

यस अध्ययनका क्रममा सामग्री विश्लेषणका लागि पाठको गहिरो अध्ययन (क्लोज रिडिङ) गरिएको छ। अध्ययनमा गुणात्मक अनुसन्धान विधि अवलम्बन गरिएको छ। यसका लागि अस्तित्ववादसम्बन्धी प्रमुख दार्शनिक तथा साहित्यिक मान्यताहरू, विशेषतः जाँ-पल सार्त्र र अल्बेयर कामुका सिद्धान्तहरूलाई सैद्धान्तिक आधारका रूपमा ग्रहण गरिएको छ। अस्तित्ववादले प्रतिपादन गरेका स्वतन्त्रता, जिम्मेवारी, एक्लोपन, पीडा, विद्रोह तथा जीवनको अर्थ खोजीजस्ता अवधारणाका आलोकमा चुली उपन्यासको पाठविश्लेषण गरिएको छ।

अध्ययनका प्राथमिक सामग्रीका रूपमा सरुभक्तद्वारा लिखित चुली उपन्यासलाई लिइएको छ भने द्वितीयक सामग्रीका रूपमा अस्तित्ववादसम्बन्धी पुस्तक, अनुसन्धानमूलक लेख, समीक्षा तथा शोधप्रबन्धहरूको उपयोग गरिएको छ। विशेष गरी अस्तित्ववादका प्रमुख मान्यता र तिनको साहित्यिक प्रयोगबारे प्रकाशित सैद्धान्तिक सामग्रीको अध्ययन गरी विश्लेषणका आधारहरू निर्धारण गरिएको छ।

उपन्यासका पात्र, कथावस्तु, मानसिक द्वन्द्व तथा प्रतीकात्मक पक्षहरूको विश्लेषण गर्दै तिनमा अभिव्यक्त अस्तित्ववादी चेतनाका तत्त्वहरूको पहिचान र व्याख्या गरिएको छ।पात्रको मानसिक द्वन्द्व र निर्णय प्रक्रियामा अस्तित्ववादी तत्वको परिचान गरिएको छ साथै कथावस्तु, संवाद र प्रतीकहरूको तार्किक विश्लेषण गरिएको छ। यसै प्रक्रियाद्वारा उपन्यासका विभिन्न दृश्य र पात्रहरूलाई अस्तित्ववादी दृष्टिकोणले विवेचना गरिएको छ।

**सैद्धान्तिक आधार**

यस अध्ययनको सैद्धान्तिक आधार जाँ-पाल सार्त्र र आल्बेयर कामुको अस्तित्ववाद सम्बन्धित मान्यता हो । अस्तित्ववाद मानव जीवनको अनुभव र अर्थको खोजीमा केन्द्रित दार्शनिक दृष्टिकोण हो । यसले जीवनलाई पूर्वनिर्धारित नियम वा सिद्धान्तको आधारमा होइन, व्यक्तिको स्वतन्त्रता र निर्णयमार्फत निर्माण हुने प्रक्रिया भनेर व्याख्या गर्छ । अस्तित्ववादी दर्शनले मानवीय पीडा, चिन्ता, एक्लोपन, स्वतन्त्रता र जिम्मेवारी जस्ता अनुभवलाई अध्ययनको मुख्य विषय बनाउँछ। यही दृष्टिकोणका आधारमा *चुली* उपन्यासको विश्लेषण यस अध्ययनमा गरिएको छ।

**कामुको दृष्टिकोण**

एब्सर्ड : आल्बेयर कामुले जीवनलाई अर्थहीन (एब्सर्ड) मान्दछन् ।

एब्सर्डिटी : जीवनमा कुनै पूर्वनिर्धारित अर्थ हुँदैन । मानवलाई अर्थ खोज्ने इच्छा र जीवनको अव्यवस्थित वास्तविकताबीचको द्वन्द्व नै एब्सर्ड हो।

रिभोल्ट : अर्थहीन संसारको सामना गर्दा निराशा नमानिकन, चेतनापूर्वक विद्रोह गर्नुपर्छ।

फ्रिडम एन्ड प्यासन्स : जीवन अर्थहीन भए पनि आफ्नो निर्णय र अनुभव मार्फत मानवीय गरिमा कायम राख्न सकिन्छ। कामुको दृष्टान्त अनुसार अस्तित्ववादी विद्रोहले जीवनमा अर्थ सिर्जना गर्ने प्रक्रिया सुरु गर्छ।चुली का पात्रहरू पीडा र असमर्थताभन्दा भाग्दैनन्, बरु विद्रोह र संघर्षबाट जीवनलाई अर्थपूर्ण बनाउने प्रयास गर्छन् ।

**सार्त्रको दृष्टिकोण**

जाँ-पाल सार्त्रको प्रमुख दर्शन अनुसार "Existence precedes essence" अर्थात् “अस्तित्व सारभन्दा पहिले आउँछ” भन्ने सिद्धान्तले व्यक्तिलाई स्वतन्त्र र जिम्मेवार मान्दछ (सार्त्र, २००७)।

स्वतन्त्रता : मानिस जन्मँदा कुनै पूर्वनिर्धारित उद्देश्य वा सारसहित जन्मिँदैन । उसले आफ्नो कर्म र निर्णयमार्फत आफूलाई परिभाषित गर्छ।

जिम्मेवारी : स्वतन्त्रता सधैं जिम्मेवारीसाथ आउँछ। कुनै पनि निर्णयको परिणाम आफैंले भोग्नुपर्छ।

दुःख र चिन्ता (एङ्ग्विस) स्वतन्त्रता र निर्णयको भारले मानिसमा चिन्ता र मानसिक द्वन्द्व उत्पन्न गर्छ।

सार्त्रको दृष्टान्त अनुसार मानिसले आफ्नो स्वतन्त्रता स्वीकार नगरेसम्म उसको अस्तित्व पूर्ण हुँदैन। चुली उपन्यासमा पात्रहरूले यस्तै स्वतन्त्रताको बोझ भोग्दै आफ्नै अस्तित्वको अर्थ खोज्छन् ।

**एक्लोपन (लोनलिनेस)**

अस्तित्ववादी दर्शनमा एक्लोपन मानव अस्तित्वको अनिवार्य अवस्था मानिन्छ। मानिस अन्ततः आˆना निर्णय, अनुभव र जीवनप्रतिको उत्तरदायित्वमा एक्लै हुन्छ । *चुली* उपन्यासमा मुख्य पात्र समाज, परिवार तथा परम्परागत मूल्य-मान्यतासँग दूरी महसुस गर्दै आत्मिक एक्लोपनको अनुभव गर्छ। ऊ आˆना प्रश्न र द्वन्द्वहरूको उत्तर बाहिरी संसारबाट प्राप्त गर्न सक्दैन। यही एक्लोपनले उसलाई आत्मखोजतर्फ उन्मुख गराउँछ। उपन्यासमा चित्रित यस अवस्थाले अस्तित्ववादी चेतनाको महवपूर्ण पक्षलाई उजागर गरेको छ (गौतम,२०७० ) ।

**स्वतन्त्रता**

जाँ-पल सार्त्रका अनुसार मानिस स्वतन्त्र भएर जन्मन्छ र आˆना निर्णयद्वारा आˆनो अस्तित्व निर्माण गर्छ (सार्त्र,२००७) । *चुली* उपन्यासमा पात्रले समाजद्वारा निर्धारित मूल्य, मान्यता र जीवनपद्धतिलाई यान्त्रिक रूपमा

स्वीकार गर्दैन । ऊ आˆनै ढंगले जीवनको अर्थ खोज्न र आˆना निर्णय आफैं गर्न चाहन्छ । पात्रको यही स्वतन्त्र निर्णय गर्ने क्षमता र आत्मनिर्माणको प्रयासले उपन्यासमा अस्तित्ववादी स्वतन्त्रताको अवधारणालाई स्पष्ट बनाएको छ (पराजुली, २०६८) ।

**पीडा** (सफरिङ)

अस्तित्ववादले पीडालाई जीवनको यथार्थ पक्षका रूपमा स्वीकार गर्दछ। स्वतन्त्र निर्णय, असफलता, अन्योल र अस्तित्वगत संकटका कारण मानिसले मानसिक तथा भावनात्मक पीडा भोग्नुपर्छ। *चुली* उपन्यासमा पात्र निरन्तर मानसिक द्वन्द्व, असुरक्षा, निराशा तथा जीवनप्रतिको अन्योलबाट पीडित देखिन्छ। उसले भोग्ने आन्तरिक संघर्ष र भावनात्मक तनावले अस्तित्ववादी पीडाको गहिरो अभिव्यक्ति दिएको छ (शर्मा, २०६४) ।

**विद्रोह** (रिभोल्ट)

अल्बेर कामुका अनुसार जीवनका विसंगति र अर्थहीनताविरुद्धको सचेत प्रतिरोध नै विद्रोह हो (कामु, १९५५) । *चुली* उपन्यासमा पात्रले समाजले स्थापित गरेका मान्यता, रूढ मूल्य तथा सीमित सोचप्रति असहमति व्यक्त गर्दछ। ऊ परम्परागत संरचनाभित्र आफूलाई सीमित राख्न चाहँदैन र आˆनै पहिचान तथा अस्तित्वको खोजीमा अग्रसर हुन्छ। यस प्रकारको वैचारिक तथा मानसिक प्रतिरोधले उपन्यासमा विद्रोही चेतनालाई सशक्त बनाएको छ (अधिकारी, २०७१) ।

**अर्थ खोजी** (सर्च फर मिनिङ)

अस्तित्ववादी दर्शनको मूल प्रश्न जीवनको अर्थसँग सम्बन्धित छ। मानिसले आˆनो अस्तित्वको उद्देश्य र जीवनको सार खोज्ने प्रयास गरिरहन्छ । *चुली* उपन्यासको मुख्य पात्र पनि निरन्तर आत्मअन्वेषणमा संलग्न देखिन्छ। ऊ आˆनो अस्तित्व, पहिचान र जीवनको वास्तविक अर्थबारे प्रश्न उठाउँछ तथा उत्तर खोज्ने प्रयास गर्दछ। यही अर्थ खोजीको प्रक्रिया उपन्यासको केन्द्रमा रहेको छ र यसले अस्तित्ववादी चेतनालाई गहिरो रूपमा अभिव्यक्त गरेको छ ( एटम, २०६६ ) ।

यसरी चुली उपन्यासमा एक्लोपन, स्वतन्त्रता, पीडा, विद्रोह र अर्थ खोजीजस्ता अस्तित्ववादी चेतनाका प्रमुख तत्त्वहरू सशक्त रूपमा अभिव्यक्त भएका छन् । यी तत्त्वहरूले उपन्यासलाई केवल कथात्मक कृति नभई मानव अस्तित्वका जटिल प्रश्नहरूमाथि केन्द्रित दार्शनिक र वैचारिक कृतिका रूपमा स्थापित गरेका छन् (गौतम, २०७०) ।

**नतिजा तथा विमर्श**

अस्तित्ववादी दर्शनले व्यक्तिको स्वतन्त्रता, जिम्मेवारी, एक्लोपन, पीडा, विद्रोह तथा जीवनको अर्थ खोजीलाई विशेष महत्त्व दिन्छ। सरुभक्तको चुली उपन्यासमा यी अस्तित्ववादी तत्त्वहरू पात्र, घटना र मानसिक द्वन्द्वमार्फत अभिव्यक्त भएका छन् ।

उपन्यासमा पात्रहरूले जीवनका जटिल परिस्थितिसँग संघर्ष गरिरहेका देखिन्छन् । उनीहरू बाह्य सामाजिक संरचनाभन्दा बढी आफ्ना आन्तरिक द्वन्द्व र अस्तित्वगत प्रश्नहरूसँग जुधिरहेका छन् । यस सन्दर्भमा उपन्यासले व्यक्तिको एक्लोपनलाई केवल भौतिक नभई मानसिक अवस्थाका रूपमा चित्रण गरेको छ। पात्रहरू भीडमा रहेर पनि एक्लोपनको अनुभूति गर्छन्, जसले अस्तित्ववादी चेतनाको प्रमुख विशेषतालाई उद्घाटित गर्दछ।

त्यसैगरी उपन्यासमा स्वतन्त्रता र जिम्मेवारीको प्रश्न पनि महत्वपूर्ण रूपमा प्रस्तुत भएको छ। सार्त्रका अनुसार मानिस स्वतन्त्र हुन अभिशप्त छ र आफ्नो निर्णयको जिम्मेवारी आफैंले वहन गर्नुपर्छ। चुली उपन्यासको प्रमुख पात्र ‘ऊ’ विनासहयात्री, विनाभरिया एक्लै सगरमाथाको आरोहण जस्तो जोखिमपूर्ण यात्रा गर्छ। उसलाई प्रतिकूल मौसम,

आँधी हुरी केहीले रोक्दैन । सगरमाथा आरोहणका लागि अनुकूल मौसमको पर्खाइमा रहेका अनगिन्ती पर्वतारोहीलाई आधार शिविरमै छाडेर ऊ एक्लै लक्ष्यतर्फ अघि बढ्छ । जीवन भनेकै जोखिमहरूको एक सुन्दर कविता हो भन्ने यथार्थ उसले बुझेको छ । उपन्यासका पात्रहरू आफ्ना निर्णयहरू आफैं गर्न बाध्य देखिन्छन् र तिनका परिणामसमेत आफैंले भोग्छन् । यसले अस्तित्ववादी स्वतन्त्रताको अवधारणालाई पुष्टि गर्दछ ।

पीडा र सङ्कट उपन्यासका अर्को महत्वपूर्ण पक्ष हो । पात्रहरूले भोग्ने मानसिक तनाव, असुरक्षा, निराशा तथा संघर्षले जीवनको कठोर यथार्थलाई प्रस्तुत गरेको छ । उपन्यासमा 'ऊ' पात्र हावाहुरी, चिसो र हिम चट्टानका कठिन यात्राहरूसित जुध्दै अदम्य साहसका साथ सगरमाथाको यात्रा गर्छ । सय माइल प्रतिघण्टाको गतिमा झर्दै गरेको हिमपहिरो छिचोल्दै, हिमचट्टानमा बजारिदै, हिउ'बाट पुरिदै, हिउ'को थुप्राबाट टाउको उठाउ'दै आफूलाई हिउ'बाट निकाल्न सफल हुन्छ (सरुभक्त,२०६०) । अस्तित्ववादी दृष्टिले यस्ता पीडाहरू नै मानिसलाई आफ्नो अस्तित्वबारे सोच्न बाध्य बनाउने माध्यम हुन् । उपन्यासमा चित्रित पीडाबोधले पात्रहरूको आत्मचेतना र आत्मखोजलाई गहिरो बनाएको देखिन्छ ।

उपन्यासमा विद्रोहको भावना पनि विभिन्न रूपमा अभिव्यक्त भएको छ । पात्रहरू स्थापित मान्यता, सामाजिक बन्धन तथा जीवनका पूर्वनिर्धारित अर्थहरूप्रति प्रश्न उठाउँछन् । यो अवस्था अल्बेयर कामुले प्रतिपादन गरेको विद्रोहको अवधारणासँग मेल खान्छ । पात्रहरूको यस्तो प्रश्नाकुलता र असन्तुष्टि अस्तित्ववादी चेतनाको महत्वपूर्ण सूचक हो ।

त्यसैगरी जीवनको अर्थ खोजी उपन्यासको मूल प्रवृत्तिका रूपमा देखापर्छ । पात्रहरू जीवनको उद्देश्य, आफ्नो पहिचान तथा अस्तित्वको सार खोज्ने प्रयत्नमा संलग्न छन् । उनीहरूले पूर्वनिर्धारित मूल्य र मान्यताभन्दा आफ्नै अनुभवका आधारमा जीवनलाई अर्थ दिने प्रयास गरेका छन् । यही अर्थ खोजीको प्रक्रियाले उपन्यासलाई अस्तित्ववादी दृष्टिले महत्वपूर्ण बनाएको छ ।

यस अध्ययनबाट चुली उपन्यासमा एक्लोपन, स्वतन्त्रता, पीडा, विद्रोह र अर्थ खोजीजस्ता अस्तित्ववादी तत्त्वहरू सशक्त रूपमा अभिव्यक्त भएको निष्कर्ष प्राप्त हुन्छ । यी तत्त्वहरूले उपन्यासलाई केवल व्यक्तिगत अनुभवको कथा नभई मानव अस्तित्वका जटिल प्रश्नहरूको कलात्मक अभिव्यक्ति बनाएका छन् । चुली नेपाली साहित्यमा अस्तित्ववादी चेतनाको प्रभावकारी प्रस्तुति गर्ने महत्त्वपूर्ण उपन्यासका रूपमा स्थापित भएको देखिन्छ (भट्टराई, २०६५)। सरुभक्तको चुली उपन्यास मानव अस्तित्वको जटिलता, मानसिक द्वन्द्व र जीवनको अर्थ खोजीलाई चित्रण गर्ने प्रमुख कृति हो (एटम, २०६६) । अस्तित्ववादको दृष्टान्तले उपन्यासका पात्रहरूको भावनात्मक र वौद्धिक अवस्थालाई गहिरो रूपमा बुझ्न मद्दत गर्दछ । चुली नेपाली साहित्यमा अस्तित्ववादी चेतनाको महत्त्वपूर्ण अभिव्यक्ति हो । यस उपन्यासको कथावस्तु बाह्य घटनाभन्दा पात्रको आन्तरिक चेतना, मानसिक द्वन्द्व र आत्मखोजमा केन्द्रित छ । मुख्य पात्र 'ऊ' समाजले स्थापित गरेका मूल्य, परम्परा र सफलताका ढाँचाभित्र आफूलाई समेट्न सक्दैन । 'ऊ' आफ्नै अस्तित्व, पहिचान र जीवनको अर्थबारे निरन्तर प्रश्न उठाउँछ । यही प्रश्नशील चेतनाले उपन्यासलाई अस्तित्ववादी धारमा उभ्याएको छ । उपन्यासमा 'ऊ' पात्रले समाजसँग दूरी बनाउँदै आफ्नै निर्णयमार्फत जीवन बाँच्ने प्रयास गर्दछ । ती निर्णयका परिणाम उसैले भोग्नुपर्ने अवस्था देखिन्छ, जसले व्यक्तिगत स्वतन्त्रता र जिम्मेवारीको अवधारणालाई स्पष्ट गर्दछ ।

समाजबाट अलगिँदा । 'ऊ' पात्रले एक्लोपन, निराशा र असुरक्षाको अनुभूति गर्छ, तर त्यसबाट भाग्दैन । उपन्यासमा स्पष्ट समाधान वा निष्कर्ष नदिइनु पनि अस्तित्ववादको विशेषता हो (अधिकारी, २०७१) । जीवनलाई निश्चित अर्थ भएको संरचना नभई निरन्तर खोज र द्वन्द्वको प्रक्रियाका रूपमा प्रस्तुत गरिएको छ ।

सरुभक्तको चुली उपन्यासले आधुनिक नेपाली उपन्यासमा अस्तित्ववादी चेतना प्रस्तुत गर्न महत्वपूर्ण योगदान दिएको छ। चुली केवल कथा नभई मानव अस्तित्वको जटिल यथार्थमाथि गरिएको गम्भीर दार्शनिक विमर्श हो (पिँडाली, २०६२ )। यसले नेपाली उपन्यास परम्परामा आधुनिक चिन्तन र वैचारिक गहिराइ थप्दै साहित्यिक मूल्यलाई समृद्ध बनाएको छ (भट्टराई, २०६५ )। उपन्यासमा पात्रहरूले आफ्नो जीवनका निर्णायक मोडमा स्वतन्त्र निर्णय लिन बाध्य छन्। कठिन परिस्थितिमा निर्णय लिनु आवश्यक छ, जसले उसको आत्म-परिभाषालाई आकार दिन्छ। स्वतन्त्रता केवल अधिकार होइन, जिम्मेवारी र मानसिक तनावको स्रोत पनि हो। सार्त्रको अनुसार, "मानिस स्वतन्त्रताका लागि कन्डेम्ड हुन्छ"–पात्रले आफ्नो निर्णयबाट आफ्नै अस्तित्वलाई परिभाषित गर्छन्। चुली मा पीडा केवल मानसिक त्रास होइन; यो आत्मबोध र चेतनाको माध्यम पनि हो। उपन्यामा पात्रहरूले सामाजिक र व्यक्तिगत कठिनाइहरू सामना गर्छ। पीडाले उसलाई आफ्ना निर्णय र जीवनप्रतिको दृष्टिकोण पुनर्विचार गर्न बाध्य बनाउँछ। स्वतन्त्रता र निर्णयको भारले उत्पन्न मानसिक द्वन्द्व अस्तित्ववादी चिन्ताको प्रतिफल हो। यसले उपन्यासमा जीवनको यथार्थता र मानवीय सङ्घर्षलाई उभ्याउँछ।

उपन्यासले जीवनको पूर्वनिर्धारित अर्थ प्रस्तुत गर्दैन। उपन्यासका पात्रहरूले अनुभव, पीडा र निर्णयमार्फत अर्थ सिर्जना गर्छ। जीवनलाई अर्थपूर्ण बनाउने प्रयास निरन्तर चल्ने प्रक्रिया हो। जीवनको अर्थ बाहिरबाट होइन, व्यक्तिको कर्म र चेतनाबाट आउँछ। कामुको दृष्टान्तअनुसार जीवन अर्थहीन भए पनि व्यक्तिले आफूले सिर्जना गरेको अर्थले अस्तित्वलाई मूल्यवान बनाउँछ (कामु, १९५५)। कामुका अनुसार जीवनको अर्थहीनतालाई स्वीकार गर्दै विद्रोह गर्नु अस्तित्ववादी दृष्टान्तको मुख्य पक्ष हो। उपन्यासका पात्रहरू पीडा, असमर्थता र सामाजिक सीमाको सामना गर्छन्। उपन्यासमा 'ऊ' पात्र संघर्ष मार्फत जीवनलाई अर्थपूर्ण बनाउने प्रयास गर्छ। विद्रोहले जीवनमा स्वतन्त्रता, चेतना र मानवीय मूल्यलाई कायम राख्छ। उपन्यासमा विद्रोह केवल सामाजिक विरोध होइन, आत्म-स्वीकृति र चेतनाको प्रतीक हो।

उपन्यासले मानव जीवनलाई पूर्वनिर्धारित उद्देश्ययुक्त संरचनाका रूपमा होइन, अनिश्चितता, सङ्घर्ष र आत्मसङ्घर्षले भरिएको निरन्तर प्रक्रियाका रूपमा प्रस्तुत गरेको छ। 'चुली' प्रतीकले जीवनको सर्वोच्च लक्ष्य, आत्मसाक्षात्कार तथा अर्थ-खोजको सङ्केत गर्छ, जुन उपन्यासको वैचारिक केन्द्रीयता हो।

उपन्यासको मुख्य पात्र 'ऊ' सामाजिक मूल्य-मान्यता र व्यक्तिगत आकांक्षाबिच द्वन्द्वग्रस्त देखिन्छ। बाह्य सामाजिक संलग्नताका बाबजुद 'ऊ' गहिरो मानसिक एक्लोपन, असन्तुष्टि र भयको अनुभव गर्छ। यो अवस्था सार्त्रले व्याख्या गरेको अस्तित्ववादी 'एलिएनेसन र एग्जिस्टेन्सियल' सँग सुसंगत देखिन्छ, जहाँ व्यक्तिको स्वतन्त्रताले नै निर्णयको बोझ र मानसिक पीडा जन्माउँछ (सार्त्र, १९४६)। चुली मा पात्रहरूले लिने निर्णयहरू नै उनीहरूको अस्तित्व निर्धारण गर्ने आधार बनेका छन्, जसले 'इग्जिस्टेन्स प्रिसिड्स एसन्स' भन्ने अवधारणालाई पुष्टि गर्छ।

त्यस्तै, कामुले प्रस्ताव गरेको 'अब्सर्डिटी' को अवधारणाअनुसार जीवनमा कुनै पूर्वनिर्धारित अर्थ नहुनु मानवीय यथार्थ हो (कामु, १९५५)।चुली उपन्यासमा पात्रहरू यही निरर्थकतासँग साक्षात्कार गर्छन्, तर त्यसप्रति आत्मसमर्पण नगरी निरन्तर संघर्ष र यात्रामार्फत अर्थ निर्माण गर्ने प्रयास गर्छन्। चुलीतर्फको आरोहण स्वयम् अस्तित्ववादी विद्रोहको प्रतीक हो, जसले जीवनलाई अर्थपूर्ण बनाउने सचेत प्रयासलाई जनाउँछ।

उपन्यासका पात्रहरूको एक्लोपन, पीडा, स्वतन्त्र निर्णय र विद्रोहको चित्रणले चुली उपन्यासलाई अस्तित्ववादको दृष्टान्त बनाएको छ। उपन्यासले मानव जीवनलाई पूर्वनिर्धारित उद्देश्य वा निश्चित अर्थयुक्त संरचनाका रूपमा नभई निरन्तर संघर्ष, अनिश्चितता र आत्मसंघर्षको प्रक्रियाका रूपमा चित्रण गरेको छ। 'चुली' प्रतीकले जीवनको सर्वोच्च लक्ष्य, आत्मसाक्षात्कार तथा अर्थ-खोजको संकेत गर्दछ, जुन कृतिको वैचारिक केन्द्र हो (सरुभक्त, २०५९)।

उपन्यासका पात्रहरू सामाजिक मूल्य-मान्यता, परम्परा र व्यक्तिगत आकांक्षाबिच द्वन्द्वग्रस्त देखिन्छन् । बाह्य रूपमा समाजसँग आबद्ध हुँदाहुँदै पनि उनीहरू भित्री रूपमा गहिरो एकाकीपन, असन्तोष र अस्तित्वगत चिन्ताबाट ग्रसित छन् । यस्तो अवस्था जाँ-पल सार्त्रले प्रतिपादन गरेको अस्तित्ववादी 'एलिएनेसन' तथा 'एग्जिस्टेन्सियल एङ्जायटी' सँग मेल खान्छ, जहाँ स्वतन्त्रताले नै निर्णयको बोझ र मानसिक पीडा जन्माउँछ (सार्त्र, २००७) ।चुली मा पात्रहरूले लिने निर्णयहरू नै उनीहरूको अस्तित्व निर्माणको आधार बन्छन्, जसले "इग्जिस्टेन्स प्रिसिड्स एसन्स" भन्ने सार्त्रको सिद्धान्तलाई पुष्टि गर्छ ।

त्यसैगरी, अल्बेर कामूले प्रतिपादन गरेको 'अबसर्डिटी' को अवधारणा अनुसार जीवनमा कुनै पूर्वनिर्धारित अर्थ हुँदैन; मानिस स्वयंले आफ्नो कर्म र चेतनामार्फत अर्थ निर्माण गर्नुपर्छ (कामु, १९५५) । चुली का पात्रहरूले जीवनको निरर्थकता र अस्थिरतालाई अनुभूत गर्छन्, तर त्यसप्रति आत्मसमर्पण नगरी संघर्ष र चेतनशील विद्रोहमार्फत अर्थ निर्माण गर्ने प्रयास गर्छन् । यस सन्दर्भमा 'चुली'तर्फको आरोहण स्वयं जीवन-संघर्ष र आत्मबोधको प्रतीक बनेको छ ।

उपन्यासमा पीडा, चिन्ता, एकाकीपन र सामाजिक अलगाव जस्ता अनुभवहरू मनोवैज्ञानिक गहिराइका साथ प्रस्तुत गरिएका छन् । यी तत्वहरूले पात्रहरूको आन्तरिक द्वन्द्वलाई उद्घाटित गर्नुका साथै पाठकलाई पनि आत्मचिन्तनतर्फ उन्मुख गराउँछन् । स्वतन्त्रता यहाँ अधिकार मात्र नभई जिम्मेवारी र मानसिक तनावको स्रोतका रूपमा चित्रित छ, जुन अस्तित्ववादको मूल धारणा हो (सार्त्र, २००७) ।

यसरी पात्रको मनोवैज्ञानिक चित्रण, कथावस्तुको संरचना र दार्शनिक प्रश्नमार्फत चुली उपन्यासमा अस्तित्ववाद प्रभावकारी रूपमा अभिव्यक्त भएको देखिन्छ । लेखकले प्रयोग गरेको प्रतीकात्मकता, मौनता र अस्पष्टताले पनि अस्तित्ववादी भावनालाई गहिरो बनाउने काम गरेका छन् (शर्मा, २०६०) । पात्रको चेतनाप्रवाहात्मक प्रस्तुतीकरणले पाठकलाई पनि आत्मचिन्तनमा सहभागी गराउँछ । समग्रमा, चुली उपन्यासले अस्तित्ववादका मूल अवधारणाहरू–स्वतन्त्रता, जिम्मेवारी, एकाकीपन, पीडा, विद्रोह र अर्थ-निर्माण–लाई नेपाली सामाजिक सन्दर्भमा कलात्मक ढङ्गले अभिव्यक्त गरेको छ । उपन्यासले जीवनलाई पूर्वनिर्धारित सत्यका रूपमा होइन, निरन्तर खोज र संघर्षको प्रक्रियाका रूपमा प्रस्तुत गर्दछ । यस आधारमा चुली उपन्यासले स्वतन्त्रता, निर्णय, पीडा र अर्थ-खोज जस्ता अस्तित्ववादी प्रश्नहरूलाई दार्शनिक गहिराइका साथ प्रस्तुत गरेको देखिन्छ । उपन्यासले नेपाली साहित्यमा अस्तित्ववादी विमर्शलाई समृद्ध बनाउँदै आधुनिक मानव चेतनाको जटिलतालाई प्रभावकारी रूपमा उजागर गरेको देखिन्छ ।

**अतिरिक्त विश्लेषण : प्रतीक र भाषा**

चुली मा प्रयोग गरिएको प्रतीकात्मक भाषा र आन्तरिक संवादले पात्रको अस्तित्ववादी अनुभवलाई अझ गहिरो बनाएको छ ।

प्रतीकः प्राकृतिक दृश्य, पौराणिक रूपक र दैनिक जीवनका घटनाहरू पात्रको मानसिक अवस्थासँग जोडिएका छन् ।

भाषा र शैली : सरल तर गहिरो भाषाशैलीले पात्रहरूको एक्लोपन, पीडा र विद्रोहको अनुभवलाई पाठकसम्म पुर्याएको छ । यसबाट स्पष्ट हुन्छ कि उपन्यासको भाषा मात्र नभई संरचना पनि अस्तित्ववादी विचारको प्रतिबिम्ब हो ।

**निष्कर्ष**

सरुभक्तको चुली उपन्यास नेपाली साहित्यमा अस्तित्ववादी चेतनाको प्रतिनिधि कृति हो । जीवनमा पीडा, चिन्ता र एक्लोपन अपरिहार्य भए पनि व्यक्तिको स्वतन्त्र निर्णय, चेतना र विद्रोहले जीवनलाई अर्थपूर्ण बनाउँछ ।

उपन्यासले अस्तित्ववादका मुख्य अवधारणाहरू–स्वतन्त्रता, जिम्मेवारी, एक्लोपन, पीडा, विद्रोह र अर्थ निर्माणलाई पाठकसम्म प्रभावकारी रूपमा पुऱ्याएको छ । चुली केवल उपन्यास मात्र नभई मानव अस्तित्वको गहिरो दार्शनिक दस्तावेज हो । यस अध्ययनबाट स्पष्ट हुन्छ कि नेपाली आधुनिक उपन्यासमा अस्तित्ववादको प्रभाव गहिरो छ र सरुभक्तले त्यसलाई सशक्त तरिकाले प्रयोग गरेका छन् ।

उपन्यासले मानव जीवनलाई पूर्वनिर्धारित अर्थ र मूल्यमा सीमित नगरी निरन्तर खोज, संघर्ष र आत्मबोधको प्रक्रियाका रूपमा प्रस्तुत गरेको छ । उपन्यासमा पात्रहरू सामाजिक संरचना, परम्परा र व्यक्तिगत आकांक्षाबिचको द्वन्द्वमा बाँधिएका देखिन्छन्, तर उनीहरू आफ्नो स्वतन्त्र निर्णयमार्फत जीवनको अर्थ निर्माण गर्न प्रयत्नशील छन् । यही प्रयत्न अस्तित्ववादको मूल भावसँग प्रत्यक्ष रूपमा सम्बन्धित छ ।

जाँ-पल सार्त्रको “अस्तित्व सारभन्दा पहिले आउँछ” भन्ने सिद्धान्त अनुसार मानव स्वयं आफ्ना निर्णय र कर्मद्वारा आफ्नो पहिचान निर्माण गर्छ ।चुली का पात्रहरू पनि पूर्वनिर्धारित नियतिको भरमा बस्दैनन्  बरु निर्णयको भार वहन गर्दै आत्मसंघर्षका माध्यमबाट आफ्नो अस्तित्व परिभाषित गर्छन् । स्वतन्त्रता यहाँ अधिकार मात्र नभई जिम्मेवारी र मानसिक तनावको स्रोतका रूपमा चित्रित छ । त्यसैगरी अल्बेर कामुको ‘अब्सर्डिटी’ र ‘रिभोल्ट’ सम्बन्धी अवधारणासँग उपन्यासको भावले सामञ्जस्य राख्छ । जीवनमा निश्चित अर्थ नभए पनि निराश नहुँदै संघर्ष र विद्रोहमार्फत अर्थ निर्माण गर्ने चेतना उपन्यासमा स्पष्ट देखिन्छ ।

उपन्यासमा एकान्तता, पीडा, चिन्ता र सामाजिक अलगाव जस्ता अनुभूतिहरू गहिरो मनोवैज्ञानिक शैलीमा प्रस्तुत गरिएका छन् । यी तत्वहरूले पात्रको आन्तरिक द्वन्द्वलाई उजागर गर्दै पाठकलाई पनि आत्मचिन्तनतर्फ उन्मुख गराउँछन् । ‘चुली’ प्रतीकले जीवनको उच्चतम लक्ष्य, आत्मसाक्षात्कार र अर्थ-खोजको संकेत गर्दछ, जसले कृतिको दार्शनिक गहिराइलाई थप सुदृढ बनाएको छ ।यसले नेपाली उपन्यास परम्परामा अस्तित्ववादी चिन्तनलाई समृद्ध बनाउँदै आधुनिक मानव चेतनाको गहिरो अभिव्यक्ति दिएको छ ।

**सन्दर्भसामग्री सूची**

अधिकारी, रमेशप्रसाद. (वि.सं. २०७१). नेपाली उपन्यासमाएब्सर्डिटी÷रिभोल्ट. *त्रिभुवन युनिभर्सिटी जर्नल,* ९(१), ८८-९७ ।

एटम, नेत्र. (वि.सं. २०६६). आधुनिक नेपाली उपन्यासमा आत्मपहिचानको खोजी. *समकालीन साहित्य, १२*(२), ५५-६३ ।

गौतम, लक्ष्मीप्रसाद. (वि.सं. २०७०). नेपाली उपन्यासमा मनोवैज्ञानिक अस्तित्ववाद. *साहित्य समीक्षा,* ५(२), ६०-७१ ।

पराजुली, कृष्णप्रसाद. (वि.सं. २०६८). सरुभक्तका उपन्यासमा स्वतन्त्रता र जिम्मेवारी. *नेपाली साहित्य, १८*(१), ४०-४९ ।

पिँडाली, केशवराज. (वि.सं. २०६२). आधुनिक नेपाली उपन्यासको दार्शनिक मोड. *गरिमा, २४*(३), ३३-४१ ।

भट्टराई, गोविन्दराज. (वि.सं. २०६५). आधुनिक नेपाली उपन्यासको अध्ययन. काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, तारानाथ. (वि.सं. २०६०). सरुभक्तका कृतिमा विद्रोही चेतना. *मधुपर्क, २३*(३)४५-५६ ।

शर्मा, मोहनराज. (वि.सं. २०६४). नेपाली उपन्यासमा अस्तित्वगत चिन्ता. *साक्षात्कार,* ७(१), २१-३० ।

सरुभक्त. (वि.सं. २०६०). चुली. काठमाडौंः साझा प्रकाशन ।

Camus, A. (१९५५). The myth of Sisyphus. Vintage Books.

Sartre,J.-P. (२००७). Existentialism is a humanism (C. Macomber, Trans.). Yale University Press. (Original work published, १९४६) ।